# सम्पत्ति मूल्यांकनकर्ता (Valuator) सूचीकृत गर्ने सम्वन्धी सूचना

यस वित्तीय संस्थाको केन्द्रीय कार्यालय र विभिन्न जिल्लामा सञ्चालनमा रहेका १०७ वटा शाखा कार्यालयहरुका लागि घरजग्गा, परियोजना, ईक्यूपमेन्ट, सवारीसाधन आदिको मुल्यांकन गर्नका लागि मुल्यांकनकर्ताहरु सूचीकृत गर्नूपर्ने भएकाले उक्त प्रयोजनको लागि सम्बन्धित विषयको सेवा प्रदान गर्न स्वीकृती प्राप्त गरेको इच्छुक योग्य रजिष्टर्ड फर्म/कम्पनीहरुले आफूले सेवा प्रवाह गर्ने जिल्ला एवं सेवाको विवरण खूलाई फर्म/कम्पनि दर्ता प्रमाणपत्र (नवीकरण सहित), स्थायी लेखा नम्वर(PAN), मूल्य अभिबृद्धि करमा दर्ता भए सो को प्रमाणपत्र र करचूक्ता प्रमाणपत्रको प्रतिलिपि सहितको आवेदन सूचना प्रकाशित भएको **मितिले १५ दिन भित्र** यस वित्तीय संस्थाको जनशक्ति तथा सामान्य सेवा विभागको ईमेल ठेगाना hr.dept@kalikabank.com.np मा दर्ता गराउनुहुन सम्बन्धित सबैको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**थप कागजात तथा शर्तहरुः**

१. फर्म/कम्पनिको विवरण वा प्रोफाइल, प्रोपराइटर/सञ्चालकको नागरिकता, ब्यक्तिगत विवरण, ईन्जिनियरीङ्ग काउन्सिलवाट प्राप्त प्रमाणपत्र ।

२. कम्तिमा १ वर्षको मूल्यांकन सम्वन्धी अनूभव हुनुपर्ने ।

३. फर्म/कम्पनि र सो का प्रोपराइटर/सञ्चालक कर्जा सूचना केन्द्रको कालोसूचीमा नरहेको भनी कर्जा सूचना केन्द्रले तत्काल उपलब्ध गराएको प्रमाणपत्र पेश गर्नुपर्ने छ ।

४. आवेदन दिन ईच्छुक फर्म/कम्पनिका प्रोपराइट र इन्जिनियर हुनुपर्ने साथै फर्म/कम्पनिसंग आवश्यक पुर्वाधार तथा सक्षम जनशक्ति हुनुपर्ने छ ।

५. शाखा कार्यालयहरु रहेका स्थानीय जिल्लाहरुमा काम गरिरहेका फर्म/कम्पनिलाई प्राथमिकता दिइने छ ।

६. उल्लिखित समयावधिभित्र पेश भएको आवेदन स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस वित्तीय संस्थामा सुरक्षित हूनेछ ।

७. निवेदनका साथ निवेदन शुल्कवापत रू १०००/- (फिर्ता नहुने गरी) को बैंक भौचर समेत पेश गर्नुपर्ने छ ।

८. वित्तीय संस्थाको सञ्चालनमा रहेका शाखा कार्यालयहरुको बिबरण संस्थाको वेभसाईट www.kalikabank.com.np वाट हेर्न सकिने छ ।

**नोटः** थप जानकारीका लागि यस वित्तीय संस्थाको जनशक्ति तथा सामान्य सेवा विभाग (फोन नं. ०६१४३४१२, ०६१४३४४१५ एक्सटेन्सन नं. ११०) सम्पर्क गर्नुहोला ।

**निवेदन शुल्क बुझाउने बैंक खाताः** कालिका लघुवित्त वित्तीय संस्था लि. को गरिमा विकास बैंक, बुद्धचोक शाखामा रहेको खाता नं. ०६३००१०००६५७८२००००३


**कालिका लघुवित्त वित्तीय संस्था लिमिटेड**

**Kalika Laghubitta Bittiya Sanstha Limited**

नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजत पत्र प्राप्त राष्ट्रिय स्तरको वित्तीय संस्था

**केन्द्रीय कार्यालय :** पोखरा-१०, बुद्धचोक, कास्की

**फोन :** ०६१-४३४४१२, ०६१-४३४४१५, Website : www.kalikabank.com.np